## ६७ औं कार्यपालिका बैठक

आज मिति २०७७ साल श्रावण ३० गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री वल वहादुर अधिकारीज्यूको अध्यक्षतामा कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति:**

| सि.नं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री बलबहादुर अधिकारी | अध्यक्ष | |
| २ | श्री एन्जिला तामाङ्ग | उपाध्यक्ष | |
| ३ | श्री बहादुर तमाङ्ग | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री फैसिंङ तामाङ्ग | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री विजय कुमार गुरुङ | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री हरिमान श्रेष्ठ | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री रामचन्द्र अधिकारी | ५ नं. वडा अध्यक्ष | |
| ८ | श्री भक्तबहादुर लामिछाने | ६ नं. वडा अध्यक्ष | |
| ९ | श्री बाबुराम न्यौपाने | ७ नं. वडा अध्यक्ष | |
| १० | श्री सुष्मा दमाई | कार्यपालिका सदस्य | |
| ११ | श्री विमामाया गुरुङ | कार्यपालिका सदस्य | |
| १२ | श्री तुले कामी | कार्यपालिका सदस्य | |
| १३ | श्री रत्नमाया घले | कार्यपालिका सदस्य | |
| १४ | श्री प्रविणा ढकाल थापा | कार्यपालिका सदस्य | |
| १५ | श्री शोभा उपरकोटी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १६ | श्री विनोद रोका | प्रमुख प्रशासकीय अधिकृत (सचिव) | |
| १७ | श्री अर्जुन प्रसाद सापकोटा | लेखा अधिकृत | |
| २२ | श्री अम्बु अधिकारी | कार्यालय सहयोगी | |

**<u>छलफल तथा प्रस्तावका विषयहरु</u> :**

१. आइसोलेशन कक्ष निर्माण सम्बन्धमा ।

२. क्वारेन्टाइन व्यवस्थापन सम्बन्धमा ।

३. विद्यालयको पठनपाठन गर्ने सम्बन्धमा ।

४. आ.व. ०७६/७७ का योजना तथा कार्यक्रम सम्बन्धमा ।

५. प्रथम र दोस्रो चौमासिक योजनाहरुको उपभोक्ता समिति गठन गर्ने सम्बन्धमा ।

६. अत्यावश्यक बाहेकका सेवा प्रवाह बन्द गर्ने सम्बन्धमा ।

७. ग्रामिण अस्पतालको संचालन तथा व्यवस्थापन समितिको गठन सम्वन्धमा ।

८. बाढी पहिरो रोकथाम तथा नियन्त्रण सम्बन्धमा ।

९. विविध ।

## निर्णयहरु

**निर्णय नं. १**

कोरोना भाईरस रोकथाम तथा नियत्रन्ण समन्वय समितिको मिति २०७७ श्रावण २८ को निर्णयबाट सिफारिस भै आए बमोजिम गाउँपालिकाको ग्रामिण अस्पताल नजिकको उपयुक्त स्थानमा ३ कोठे (महिला, पुरुष र किचेनका लागि छुट्टा छुट्टै कोठा भएको) आइसोलेशन भवन निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

विश्वभर महामारी तथा संक्रमणको रुपमा फैलिरहेको कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि गाउँपालिकाले कोभिड-१९ को सुरुवाती दिन देखि नै क्वारेन्टीनको व्यवस्थापन गरी स्वदेश तथा भारत लगायत तेस्रो मुलुकबाट यस गाउँपालिकामा आउने नागरिकहरुलाई गंगाजमुना गाउँपालिका वडा नं. ५, श्री बलौटा आ.वि.मा क्वारेन्टीन संचालन गर्दै आएको सन्दर्भमा उक्त स्थानको क्वारेन्टाइन बन्द गर्ने र दिन प्रतिदिन बाहिर (स्वदेशको संक्रमित स्थान, भारत लगायत तेस्रो मुलुक) बाट आउने व्यक्तिहरुको संख्या बढीरहेकोले  सो समेतलाई मध्यनजरमा राखि देहायका वडा तथा स्थानहरुमा थप क्वारेन्टीन निर्माण तथा व्यवस्थापन गर्ने निर्णय गरियो ।

**देहाय**

१. नमूना भवन, सल्लेरी (गंगाजमुना वडा नं. २)

२. श्री चण्डीका प्रा.वि., गुम्दी (गंगाजमुना वडा नं. ४)

२. श्री जनजागृति आ.वि., फुलडाँडा, बुढाथुम (गंगाजमुना वडा नं. ७)

**निर्णय नं. ३**

विश्वभर महामारी तथा संक्रमणको रुपमा फैलिरहेको कोभिड-१९ को कारणले गर्दा विगतका दिन देखि नै शैक्षिक संस्थाहरु बन्द रहेको अवस्थामा आगामी दिनमा केही सहज परिस्थिति भए पश्चात गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा दिनमा कम्तीमा २ देखि ४ घण्टासम्म देहायका मध्ये कुनै एक वा दुई वा सो भन्दा बढी विधि तथा प्रक्रिया अपनाई नेपाल सरकार, स्वास्थ्य मन्त्रालयले तय गरेको प्रोटोकल अवलम्वन गरी सामान्य रुपमा पठनपाठनका गतिविधि संचालन गर्ने र विद्यालयबाट संचालन गरेका शैक्षिक गतिविधिका सम्बनधमा हरेक हप्ता गाउँ कार्यपालिकाको कार्यालय, शिक्षा, युवा तथा खेलकुद शाखामा रिपोटिङ गर्न निर्देशन दिने निर्णय गरियो ।



बल बहादुर अधिकारी
अध्यक्ष

देहाय:

(क) सम्बन्धित विद्यालयले शिक्षकहरुलाई आफ्नो विद्यार्थी भएका बस्तीहरु पहिचान गरी क्षेत्रगत विभाजन गरी पठनपाठनका गतिविधि संचालन गर्ने ।

(ख) विद्यालयमा सिमित विद्यार्थीहरुमात्र आलोपालो गरी बोलाई पठनपाठन तथा गृहकार्य दिने व्यवस्था मिलाउने ।

(ग) विद्यार्थीहरुको जोर विजोर रोल नं. अनुसार विद्यालयमा बोलाई पठनपाठन गर्ने गराउने ।

(घ) प्रधानाध्यापकले शिक्षकहरुलाई कार्यजिम्मेवारी तोकिदिने र सोही बमोजिम कार्य भए नभएको अनुगमन गर्ने ।

(ङ) रेडियो तथा टि.भि एवं मोवाइल एप्स प्रयोग गर्न सक्ने स्थानका विद्यालयहरुमा सोही बमोजिम शिक्षकहरुले सहजिकरण गर्ने ।

(च) कुनै पनि अन्य बैकल्पीक पठनपाठनका उपाय अवलम्वन गर्ने ।

(छ) सम्बनिधत विद्यालयले शिक्षक तथा अभिभावकहरुबीच पठनपाठन सम्बन्धमा अन्तरक्रिया तथा छलफल गरी अभिभाकलाई समेत जिम्मेवार बनाउने ।

निर्णय नं. ४

आ.व. ०७६/७७ मा नेपाल पर्यटन बोर्डबाट देहायका योजनाहरु स्वीकृत भएको र गाउँपालिकाले कार्यान्वयन गर्ने भनी परिपत्र भए पश्चात गाउँपालिकाले सोही परिपत्रको आधारमा सि.नं. १ को योजना बोलपत्र र सि.नं. २ को योजना उपभोक्ता समिति मार्फत आ.व. ०७६/०७७ मा कार्यसम्पन्न गरेको सन्दर्भमा कोभिड-१९ को कारणले गर्दा काठमाडौं आवतजावत गर्न असहज परिस्थिति भै रहेको अवस्थाले गर्दा त्यस्ता योजनाहरु नेपाल पर्यटन बोर्डमा Fallow up गर्न नसकिएकोले आर्थिक वर्षको अन्त्यमा पर्यटन बोर्डले योजनाहरुको भुक्तानी गर्न नसकिने भन्ने जानकारी गराएकोले देहायका योजनाहरु आगमी हिउँदे अधिवेशनमा अनुमोदन गर्ने गरी स्वीकृत गरी कार्यसम्पादन प्रतिवेदन अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

देहाय:

| सि.नं. | योजनाको नाम | भुक्तानी गर्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|
| १. | स्काई ट्रेल: बगुवा कात्तिके मन्टारी फुलखर्क गंगाजमुना पदमार्ग निर्माण | रु १४,४०,०००/- | प्राविधिक मूल्यांकन अनुसार |



बल बहादुर अधिकारी
अध्यक्ष

| | | | |
|---|---|---|---|
| २. | किन्ताङफेदी साल्दुम ठूलो पंधेरो हुँदै सातदोबाटो तामाङखर्क जाने पदमार्ग सुधार तथा सम्पदा संरक्षण | रु ५,९२,०००/- | प्राविधिक मूल्यांकन अनुसार |

**निर्णय नं. ५**

आ.व. ०७७/०७८ का लागि स्वीकृत योजना तथा कार्यक्रमहरु समयमै कार्यान्वयनका लागि प्रथम चौमासिक योजनाहरुको उपभोक्ता समितिको मिति २०७७ भाद्र २० गते भित्र गठन गरी पालिकालाई जानकारी गराउने र त्यस्ता गठित समितिका अध्यक्ष, कोषाध्यक्ष र सचिवलाई योजना कार्यान्वयन सम्बन्धी अभिमूखीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

कोभिड-१९ को संक्रमण दिन प्रतिदिन बढिरहेको सन्दर्भमा नेपाल सरकारले सवारी साधन आवतजावत बन्द गर्नुका साथै अत्यावश्यक सेवा बाहेकका अन्य सेवाहरु बन्द गरेको अवस्थामा यस संक्रमणलाई मध्यनजरमा राखि अत्यावश्यक सेवा प्रदान गर्ने स्वास्थ्य संस्था बाहेक गाउँ कार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरु मिति २०७७/०४/३१ देखि मिति २०७७/०५/०५ गते सम्म बन्द गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

यस गाउँपालिकामा मिति २०७६/०९/०६ को कार्यपालिकाको निर्णयानुसार संचालनमा रहेको ग्रामिण अस्पताल, फलखर्कको साविकको व्यवस्थापन समितिलाई परिमार्जन गरी अस्पतालको व्यवस्थापन समितिलाई थप प्रभावकारी, सशक्त एवं सक्रिय बनाउनु पर्ने भएकोले गर्दा देहायका पदाधिकारीहरु रहने गरी एक अस्पताल संचालन तथा व्यवस्थापन समितिको गठन गर्ने निर्णय गरियो ।

**देहाय**

१. गाउँपालिकाको अध्यक्ष - संरक्षक

२. अस्पताल रहेको क्षेत्रको वडाको वडा अध्यक्ष - अध्यक्ष

३. स्वास्थ्य क्षेत्र हेर्ने गाउँ कार्यपालिकाको सदस्य - सदस्य

४. गाउँ सभाका सदस्यहरु मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको १ जना महिला सहित २ जना - सदस्य

५. गाउँपालिका क्षेत्रभित्र रहेका रेडक्रस समितिका प्रमुख मध्येबाट गाउँपालिका अध्यक्षले तोकेको १ जना - सदस्य



बल बहादुर अधिकारी
अध्यक्ष

६. गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य

७. स्वास्थ्य तथा सरसफाई क्षेत्रमा कार्य गरिरहेका विज्ञहरुमध्येबाट गाउँपालिका अध्यक्षले तोकेको १ जना - सदस्य

८. अस्पताल रहेको वडाको विद्यालयहरुको प्रधानाध्यापक वा निजले तोकेको शिक्षक प्रतिनिधि १ जना - सदस्य

९. अस्पताल प्रमुख - सदस्य सचिव

**निर्णय नं. ८**

अविरल लामो वर्षातको कारणले गर्दा वडाका देहायका ठाउँ तथा बस्तीहरुमा बाढी पहिरो गई घर, बस्तीहरु समेत जोखिमका परेको हुँदा सो को रोकथाम तथा नियन्त्रण गर्न सम्बन्धित निकायमा लेखि पठाउने निर्णय गरियो ।

तपसिल:

| सि.नं. | विवरण | स्थान |
|---|---|---|
| १ | इवी टोल, चोके टोल पहिरो नियन्त्रण | वडा नं. १ |
| २ | ताजिम्राङ, री गाउँ, किचेत गाउँ पहिरो नियन्त्रण | वडा नं. १ |
| ३ | हाकाखोला, लताव, सप्कीचोक मेडेलचोक पहिरो नियन्त्रण | वडा नं. २ |
| ४ | किस्यती, सल्लेरी, गंम्राङ प्रुन्तुङ, गरीगङ पहिरो नियन्त्रण | वडा नं. २ |
| ५ | बर्दन, गुम्दी टोल पहिरो नियन्त्रण | वडा नं. ३ |
| ६ | चिम्चोक टोल, छेलाङ पहिरो नियन्त्रण | वडा नं. ३ |
| ७ | भण्डारी गाउँ, रातमाट पहिरो नियन्त्रण | वडा नं. ४ |
| ८ | कागचेत, खोलाखेत पहिरो नियन्त्रण | वडा नं. ४ |
| ९ | कात्तिके, फुलखर्क, लप्सीबोट पहिरो नियन्त्रण | वडा नं. ५ |
| १० | ढांडखर्क, मजुवा पहिरो नियन्त्रण | वडा नं. ५ |
| ११ | सानोनाङ्गे, मंसिरे पहिरो नियन्त्रण | वडा नं. ६ |
| १२ | ढुंगाना टोल, ओडारे पहिरो नियन्त्रण | वडा नं. ६ |
| १३ | चैनपुर, मसुरे, थापा गाउँ पहिरो नियन्त्रण | वडा नं. ७ |
| १४ | जिते टोल, अमले, गलने पहिरो नियन्त्रण | वडा नं. ७ |



बल बहादुर अधिकारी
अध्यक्ष

| | | |
|---|---|---|
| १५ | सिम्ले, सांद पिपल, कामी गाउँ पहिरो नियन्त्रण | वडा नं. ७ |
| १६ | कमेरे पहिरो, गैरी गाउँ पहिरो नियन्त्रण | वडा नं. ७ |

**विविध**

**(क)** गंगाजमुना गाउँपालिका वडा नं. ३, गुम्दी ठेगाना भएको भिम बहादुर गुरुङ्गले पेश गरेको निवेदन अनुसार निजको छोरा वर्ष २४ को पूर्ण बहादुर गुरुङ्गले यही मिति २०७७ श्रावण १५ गतेका दिन कुटमेरोको रुपमा झुण्डी आत्महत्या गरेको र निजको पोष्टमार्टम लगायतका अन्य कानून प्रक्रिया गर्दाका बखत परिवारको खर्च भएको हुँदा आर्थिक अवूस्था अत्यन्त नाजुक भएको एवं सम्बन्धित वडा कार्यालयको समेत आर्थिक सहयोग गरिदिनु हुन भनी सिफारिस पत्र पेश हुन आएकोले निज परिवारलाई किरिया खर्च रु १५,०००/- र पोष्टमार्टमका लागि धादिङबेसी लगायत अन्यत्र आवतजावत गर्दा खर्च भएको गाडी भाडा वापत रु २०,०००/- गरी जम्मा रु ३५,०००/- (अक्षरमा पैतिस हजार मात्र) आर्थिक सहायता दिने निर्णय गरियो ।

**(ख)** गंगाजमुना गाउँपालिका वडा नं. ५ स्थित साविक फुलखर्क स्वास्थ्य चौकीको (हाल ग्रामिण अस्पताल फुलखर्क) नाममा रहेको कित्ता न. १९ को २१-१०-०३ जग्गामा ग्रामिण अस्पताल फुलखर्कको भवन निर्माण गरिने निर्णय गरियो ।

बल बहादुर अधिकारी
अध्यक्ष